# गाउँपालिका उपाध्यक्ष श्री भक्त वहादुर जि.सी.ज्यूद्धारा
# दोस्रो गाउँसभाको पाँचौ अधिवेशनमा प्रस्तुत भएको

## आ.ब. २०८१/०८२ को
## वार्षिक बजेट, योजना, तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ्ग
०९ असार २०८१

**सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरु,**

नेपालमा सङ्घीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयनको क्रममा तीनै तहका सरकारले आ-आफ्नो तहमा राजनीतिक, प्रशासनीक, वित्तीय, व्यवस्थापकीय अधिकार प्रयोग गर्न वर्तमान संविधानको एकल साझा अधिकार सूची अनुसार तत तत् तहको वार्षिक योजना, बजेट तथा कार्यक्रम तत तत् तहका सभामा पेश गर्ने प्रणाली अवलम्बन गरिदैं आएको छ। यस बंगलाचुली गाउँपालिकामा अधिकारहरुको प्रयोगको सिलसिलामा हाम्रो कार्यकालको दुई वर्षे अवधिमा विभिन्न उपलब्धिहरु हासिल गरिएका छन्। यस गरिमामय दोस्रो गाउँसभाको पाँचौ बजेट अधिवेशनमा गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को वार्षिक बजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हामिलाई खुसी लागेको छ ।

यस गौरबपूर्ण क्षणमा जहाँनिया राणा शासन विरोधि, एक तन्त्रीय पञ्चायति शासन, संघीय लोकतान्त्रिक गणतन्त्रका लागि भएको १० वर्षे जनयुद्ध, १९ दिने ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । द्धन्दपिडित, घाइते योद्धाहरु र वेपत्ता नागरिकहरु र शहीद परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु।

वर्तमान संविधानको भाग १९ मा गरिएको व्यवस्था अनुसार स्थानीय आर्थिक कार्यप्रणाली सञ्चालनमा छ। जहाँ धारा २३० मा स्थानीय तहले आफ्नो तहको समग्र शासन सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन राजश्व र व्ययको अनुमान सभामा पेश गर्ने प्रचलनले निरन्तरता पाएको छ। साथै हालको विद्यमान स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य विभिन्न कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाको स्थानीय सार्वजनिक सेवा प्रवाह, वहुआयामिक विकास, स्थानीय तहको संस्थागत सवलिकरण तथा नागरिकको घरदैलोमा सरकार भएको अनुभुति दिलाउन महत्त्वपूर्ण योगदान पुगेको छ। विकास र सुशासनको स्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका वीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार प्रदान गरेको छ ।सबैको संयुक्त तथा साझा प्रयासबाट अल्पकालिन समयमै गाउँपालिकाले केही विषयहरुमा छलाङ मारेको छ । जसका कारण जनताको वारेसका रुपमा हामिले गरेका कामहरुको नागरिकहरुबाट स्वच्छ, स्वस्थ तरिकाबाट मूल्याङ्कन समेत गरिएको छ ।

बंगलाचुली गाउँपालिकाको **"मानवीय विकास,भौतिक पूर्वाधार र उत्पादनमा लगानी, सम्वृद्ध बंगलाचुलीको बिहानी"** को दिर्घकालिन सोच हासिल गर्न यस गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजनाले लिएका लक्ष्य **"भूमिको वैज्ञानिक सदुपयोग, आधुनिक र व्यवसायिक कृषि, पर्यटन र दिगो विकास मार्फत आर्थिक समृद्धी हासिल गरी समुन्नत गाउँपालिकाको निर्माण गर्ने"** उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै स्थानीय स्वरोजगारको सृजना, उद्यमशिलताको विकास र विस्तार गरी गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक, समावेशी विकास, संमृद्धि र सुशासन हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

**सभाअध्यक्ष महोदय,**

बंगलाचुली गाउँपालिकाको बहुल सामाजिक, साँस्कृतिक, एवं भौगोलिक विविधता तथा विशिष्टिता पर्याप्त प्राकृतिक स्रोत साधनको उपलब्धता, शासन विकास र सेवा प्रवाहका कार्यहरुमा नागरिकहरुको सक्रिय रचनात्मक स्वस्फूर्त सहभागिता र संलग्नताको सम्भावनाहरु विद्यमान भएपनि यस गाउँपालिकाको भौगोलिक जटिलता, न्यून पूर्वाधार संरचना विकास र विस्तारसँगै दिगोपना सुनिश्चितता गर्न नसकिएको, न्यून आन्तरिक आम्दानी, गरिबिको रेखामुनी रहेको विपन्न नागरिकहरुको वाहुल्यता, परम्परागत कृषि तथा पशुपालन प्रणाली, उद्योग कलकारखाना, व्यापार व्यवसाय जस्ता सेवा क्षेत्रमा वाह्य लगानीको न्यूनताका कारण अपेक्षाकृत रुपमा वहुआयामिक विकास हासिल हुन नसकेको अवस्थामा स्थानीय स्वरोजगार तथा वाह्य रेमिट्यान्सबाट प्राप्त भएको आम्दानी उत्पादनमुलक क्षेत्रमा लगानि गर्ने वातावरण वनाउन आवश्यक देखिन्छ।

**सभाध्यक्ष महोदय,**

बंगलाचुली गाउँपालिकाको विशिष्ट भौगोलिक अवस्था, प्राकृतिक सौन्दर्यता सहितका स्रोत साधनको पर्याप्तता विभिन्न जातजाती र समुदाय र सम्प्रदायका नागरिकहरुबीचमा आपसि सहयोग, समन्वय र सहकार्य र भातृत्त्वको सम्बन्ध रहेको बहुल समाजको विद्यमानता, जनताको माग एवं आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरेर विभिन्न समयमा वस्ति, टोलस्तरबाट छनोट गरिने योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा नागरिकहरुको क्रियाशिलता जस्ता कारणले यस गाउँपालिकाको सम्वृद्धि र समुन्नतीका लागि अहोरात्र रुपमा खटिएर कार्य गर्ने र रचनात्मक सुझावहरु प्रदान गर्ने नागरिक समाजहरुको कार्यप्रणालीले हामीलाई विगत तथा गत आ.ब. देखिनै वार्षिक नीति, बजेट तथा कार्यक्रमहरु पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्न र त्यसबाट प्राप्त हुने र भएका लाभ, अवसर तथा उपलब्धिहरुको न्यायोचित बाँडफाँड र वितरणमा सहयोग पुगेको छ।स्थानीय सरकार जनताको घरदैलोको सरकार हो जसलाई जनताले छुन, देख्न, हेर्न र महसुस गर्न सक्छन् ।साथै समयसापेक्षरुपमा स्थानीय सरकारले जनताको तालि र गाली पाईरहेको हुन्छ। जराधारमा रहेर जनताका लागि जनताबाट जनता सँगसँगै जनताको हितमा कार्य गर्ने स्थानीय सरकार हो। अतः यसै सन्दर्भमा वहुआयामिक विकासात्मक र सेवामुलक एवं लोक कल्याणकारी कार्यहरुलाई थप समसामयिक रुपमा परिस्करण गरी **"संमृद्ध बंगलाचुली, सुखी बंगलाचुली बासि"** भन्ने नारालाई साकार पार्न गत विगतका वर्षहरुमा अघि सारिएका नीति, योजना बजेट तथा कार्यक्रमले हासिल हुन नसकेका हामिले गरिएका वाचाहरु एवं प्रतिबद्धताहरुलाई प्राथमिकिकरण गरि क्रमश पुरा गर्न यो बजेट केन्द्रित रहेको छ । समयसमयमा स्थानीय राजनैतिक दल, आम बुद्धिजिवि नागरिक, सरोकारवाला अन्य वर्ग, तथा सञ्चार जगत र राष्ट्रसेवक कर्मचारीहरुसमेतको अमूल्य सुझावहरुलाई समेटेर ल्याइएको यो बजेटले अपेक्षित उपलब्धि हासिल गर्नमा टेवा पुग्ने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म आ.ब. २०८०/०८१ को वार्षिक बजेट, योजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगतिको संक्षिप्त समिक्षा प्रस्तुत गर्न गइरहेको छु ।

आ.ब. २०८०/०८१ को हालसम्म गाउँपालिकाको कुल विनियोजित बजेट ५७ करोड २५ लाख मध्य ४६ करोड ९४ लाख(८२%) जसमध्य पुँजिगत तर्फ ७६ प्रतिशत र चालु तर्फ ८४ प्रतिशत खर्च भएको छ। उल्लेखित खर्चबाट सामाजिक सुरक्षा, सार्वजिनक सेवा प्रवाहको व्यवस्थापनमा पर्याप्त टेवा पुग्नुका साथै यस गाउँपालिकाको महत्त्वपूर्ण गौरबको आयोजना एक घर, एक धारा कार्यक्रमले चालु आ.ब. मा विभिन्न टोलहरुमा खानेपानीको पहुँच विस्तार र सुधार भएको छ । विभिन्न ठाउँमा खानेपानी आयोजना सम्पन्न भएका छन्। खास गरी विशेष अनुदान तथा समपुरक अनुदानबाट सञ्चालन ठुला पूर्वाधार संरचनाहरु निर्माणको अन्तिम चरणमा पुगेका छन्।

हाल सम्म स्थानीय स्तरका सडकहरु मध्य करिब ८६ कि.मि. सडकहरु मर्मत सुधार भएका छन् भने ५ कि.मि. नयाँ ट्रयाक ओपन र १७ कि.मि. मोटरबाटोको स्तरोन्नती भएको छ। अर्को तर्फ ६ वटा खानेपानी आयोजना निर्माण सम्पन्न भएका छन् ।

गाउँपालिकाको पर्याप्त लगानीले शैक्षिक संस्थाहरु सँगै बंगलाचुली अस्पताल दक्ष प्राविधिक जनशक्ति व्यवस्थापन सँगै अन्य स्वास्थ्य संस्थाहरुमा सेवा करारमा जनशक्ति व्यवस्थापन गरि नागरिकहरुको गुणस्तरी एवं प्रभाकारी र सरल पहुँचयोग्य निशुल्क शिक्षा र निशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर प्रदान गरिएको छ। शैक्षिक गुणस्तर सुधार गर्नका लागि यस गाउँपालिकामा रहेका विभिन्न सामुदायिक विद्यालयहरुका भवनहरु मर्मत सम्भार तथा निर्माण भएका छन्, विभिन्न विषयगत शिक्षकहरुको लागि समयसापेक्षरुपमा तालिमहरु प्रदान गरिएको छ ।अभिभावक तथा शैक्षिक संस्थाहरुबीच समयसापेक्ष रुपमा गरिने अन्तर्क्रियाले शैक्षिक गुणस्तर मापनमा सघाउ पुगेको छ ।स्थानीय पाठ्यक्रम निर्माण भई पाठ्यपुस्तक तयारी अवस्थामा रहेको छ। स्वास्थ्य संस्थाहरुमा सूचना संचार प्रविधिमैत्री बनाउन इन्टरनेट सेवा र अत्यावश्यक इलोक्ट्रोनिक सामाग्रिहरु तथा फर्निचर उपलब्ध गराइएको छ। शैक्षिक गुणस्तर सुधार गर्नको लागि ICT LAB को स्थापना, कक्षा कोठा व्यवस्थापन र विभिन्न तहमा कार्यरत शिक्षक तथा कर्मचारीको क्षमता विकासका लागि तालिम संञ्चालन भएका छन् ।

विभिन्न लक्षित वर्गको लागि बढि रचनात्मक र व्यवहारिक हुने खालका सिपमुलक तालिमहरु निजहरुकै माग र आवश्यकतामा आधारित भई प्रदान गरिएको छ। स्थानीय सरकारको लोककल्याणकारी कार्य स्वरुप यस गाउँपालिकामा रहेका द्वन्द तथा विपदबाट पिडित, घाइते, अपाङ्ग तथा शहीद परिवारहरुलाई सम्मान गरिनुका साथै वस्तुगत सहायता र नगद हस्तानतरण गरिएको छ।

चालु आ.ब. को वर्षायामसँगै आएको अविरल वर्षाका कारण अत्यधिक क्षति पुगेका र सबैजसो पूर्वाधार खासगरि मोटरबाटो, खानेपानी र सिँचाई योजना विपद् व्यवस्थापन तथा मर्मत सम्भार कोषबाट रकम व्यवस्था गरि समयमानै सुचारु गरिएका छन् । विभिन्न प्रकोप र विपदमा परेका कमजोर एवं अशक्त व्यक्तिहरुमध्य १०९ जनालाइ राहत प्रदान गरिएको छ।

सार्वजनिक सेवा प्रवाहलाई सुशासन युक्त र जनमैत्री बनाउन सेवा प्रवाहमा क्रमश सूचना सञ्चार प्रविधिको प्रयोगमा तिब्रता दिइएको छ। प्रत्यक वडामा कृषि/पशु सेवाकेन्द्र स्थापना गरि सञ्चालनमा ल्याइएको छ। गाउँपालिका स्तरीय अनुगमन समितिले निश्चित कार्यतालिकार कार्ययोजना अनुरुप विभिन्न वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक विद्यालयहरु र अन्य सेवा प्रदायक निकाय तथा आयोजनाहरुमा स्थलगत रुपमा सूचकमा आधारित अनुगमन मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने कार्यलाई तिब्रता दिइएको छ । सामाजिक सुरक्षा भत्ता वितरण कार्य सम्बन्धित वडा कार्यालय र

पायक पर्ने स्थानबाट गर्ने कार्यलाई निरन्तरता दिइएको छ। गाउँपालिकामा क्रियाशिल राजनैतिक दलहरु र सरोकारवाला वर्गसँग समयसमयमा मुख्यमुख्य छलफल तथा परामर्श भएकोले सार्वजनिक सेवा र विकासमा नागरिकको अपनत्त्व र स्वामित्त्व बढ्दै गएको छ।
गाउँपालिकाको संस्थागत विकासका लागि आवश्यक पर्ने गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना २०८१/८२-२०८५/८६, मध्यमकालिन खर्च संरचना २०८१/८२-२०८३/८४, दिगो विकास लक्ष्यको स्थानीयकरण योजना, २०८१, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण योजना, २०८१, राजश्व सुधार योजना, जनशक्ति क्षमता विकास योजना निर्माण सम्पन्न भएका छन् भने गाउँपालिकाको भू-उपयोग संवेदनशिलतालाई मध्यनजर गरि भू-उपयोग योजना तथा विभिन्न पूर्वाधार आयोजनाको लागि डि.पि.आर. र आई.ई.ई. समेत निर्माण सम्पन्नको चरणमा छन् ।
सुकुमबासी तथा अव्यवस्थित वसोबासिको लगत संकलन भई तथ्याङ्क प्रविष्टि गरी नक्साङ्कन र रेखाङ्कन कार्य सम्पन्न भएको छ। आगामी आ.ब. मा जग्गा नापजाँच गरी जग्गाधनी पूर्जा प्रदान गर्ने आधार तयार भएको छ।

## सभाअध्यक्ष महोदय,

म आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न सरोकारवालाबाट प्राप्त राय सुझावहरु, वडागतबाट प्राप्त भएका मागहरु, शाखाबाट पेश भएका योजना, नीति तथा कार्यक्रमहरु, यस गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना र मध्यमकालिन खर्च संरचना २०८१/८२-२०८३/८४ को अन्तरवस्तु तथा हाम्रो २ वर्षे कार्यकालको समिक्षा र आ.ब. २०८१/०८२ को भर्खरै स्विकृत वार्षिक नीति तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न गैरहेको छु ।

## बजेटका उद्देश्यः

- नागरिकको आधारभुत हक शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई र परिस्कृत र मर्यादित जिवनयापनका लागि समन्यायिक पहुँचयुक्त पूर्वाधार र सार्वजनिक सेवाको सवलिकरण गर्नु,
- उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्दै कृषि, पशुपन्छि, विकाससँगै उद्यमशिलताको प्रवर्द्धन गर्नु,
- एक घर, एक धारा कार्यक्रम मार्फत बंगलाचुली वासीको खानेपानी तथा सरसफाईमा पहुँच अभिवृद्धि गरी स्वच्छ स्वस्थ जिवनयापनको सुनिश्चितता गर्नु,
- शिक्षण संस्था, स्वास्थ्य संस्था र अन्य सार्वजनिक सेवा प्रदायक संस्थाहरुको संस्थागत सक्षमता अभिवृद्धि गर्नु,
- कृषि, वन, उद्योग, जल र पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नु,
- न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु,
- विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो न्यायपूर्ण र सन्तुलित विकास गर्नु,
- पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु,
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु ।

## बजेटका प्राथमिकताः

- शिक्षा
- पूर्वाधार विकास
- स्वास्थ्य
- संस्थागत विकास तथा सुशासन
- वातावरण तथा विपद् व्यवस्थापन
- आर्थिक विकास
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

## सभाअध्यक्ष महोदय,

उल्लेखित उद्देश्य तथा प्राथमिकताका आधारमा यस बंगलाचुली गाउँपालिकाको आ.ब. २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## "सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"

## परिस्कृत र मर्यादित जिवनयापनका लागि सर्वसुलभ, निशुल्क र गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चितता

बंगलाचुली बासिको सर्वाङ्गिण विकासका लागि शिक्षा क्षेत्रको भौतिक तथा संस्थागत विकासका लागि संघ, प्रदेश सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदान तथा राजश्व बाँडफाँड र आन्तरिक आयसमेतबाट खर्च बेहोर्ने गरी रु. २१ करोड ५० लाख (३७ प्रतिशत) र स्वास्थ्य क्षेत्रमा रु. ५ करोड ८० लाख(१० प्रतिशत) गरि जम्मा रु. २७ करोड ३० लाख (४५ प्रतिशत) बजेट विनियोजन गरेको छु ।

नागरिकको निशुल्क शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चितताको लागि संघीय सरकार समेतको साझेदारीमा विभिन्न सामुदायिक विद्यालयहरुको भवन निर्माण गर्न रु. ३ करोड ६० लाख विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रको संमृद्धिका लागि हाँसिपुर स्वास्थ्य चौकी पूर्वाधार निर्माणमा रु. ३५ लाख र स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन र कार्यक्रमका लागि रु. २ करोड २७ लाख विनियोजन गरेको छु। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक संस्थाको संचालन तथा व्यवस्थापनका लागि रु. ४ करोड ०५ लाख विनियोजन गरेको छु।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका माध्यमबाट विपन्न तथा वञ्चितिकरणमा परेका सबै जातजातिका महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक, युवा किशोर, किशोरी दलित तथा जनजाति समेतका लागि क्षमता विकास तथा सिप विकास गर्न रु. ४० लाख विनियोजन गरेको छु। गणतन्त्र प्राप्तिका लागि गर्नुभएको योगदानको सम्मान तथा सम्झना गर्दै शहीद परिवार, घाइते, अपाङ्ग सहयोग कार्यक्रम तथा शहीद, घाइते तथा बेपत्ता परिवार सम्मानका लागि रु. ७ लाख विनियोजन गरेको छु । वालमैत्री स्थानीय शासन लागु गर्न रु ५ लाख विनियोजन गरेको छु ।

गत विगत देखि **स्वास्थ्यका लागि खेलकुदः राष्ट्रका लागि खेलकुद** अवधारणामा संचालन हुँदै आएको बंगालाचुली कप प्रतियोगितालाई निरन्तरता दिदै रु. ५ लाख विनियोजन गरेको छु । युवाहरुका लागि युवा युवतीको क्षमता विकास, युवा स्वरोजगार कार्यक्रम लघुउद्यम कार्यक्रम समेत संचालन गर्नका लागि रु. ७ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

## कृषि पशुपन्छी विकास, उद्योग वाणिज्य र पर्यटन

९५% कृषक भएको यस गाउँपालिकाको भौगोलिक विविधताको उपयोग गर्दै कृषि तथा पशुपालनलाई आधुनिकिकरण र व्यावसायिककरण गर्न **एक वडा एक कृषि पशु पक्षी विकास प्राविधिक कार्यक्रम**का लागि आवश्यक रकम विनियोजन गरेको छु ।यसबाट किसानले वडा तहबाट नै सेवा प्राप्त गरी वाली तथा पशु उपचार,उन्नत पशु तथा कृषि बाली सम्बन्धी परामर्श र बजार व्यवस्थाका लागि सहजिकरण हुन गई खाद्य सुरक्षा तथा निकासीमा वृद्धि हुने विश्वास लिएको छु । कृषि तथा पशुपन्छि विकास र उद्योग वाणिज्य पर्यटन तर्फ रु. ५९ लाख विनियोजन गरेको छु ।
बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कृषि प्रणालिसँग आवद्ध गर्न आवश्यक रु. २६ लाख रकम विनियोजन गरेको छु। कृषि तथा पशुपालनका पकेट क्षेत्र विकास एवं विस्तार, र साना किसान सहयोग कार्यक्रम परिचालन गर्न प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना(सुन्तला पकेट कार्यक्रम) का लागि रु. १२ लाख विनियोजन गरेको छु । संवृद्धिका लागि वन विकास कार्यक्रममा रु. ३५ लाख बजेट विनियोजन गरेको छु ।
स्थानीय कृषि उद्यमशिलताको विकासका लागि **सिप सँगै सहयोग**का लागि लघुउद्यम विकास कार्यक्रम तर्फ रु. १२ लाख विनियोजन गरेको छु। **एक स्थानीयतह, एक उत्पादन, अर्गानिक कृषिउत्पादन, श्रममा आधारित युवा रोजगारि सृजना**का लागि युवा रोजगारिका लागि रुपान्तरण पहल परियोजना, प्रधानमन्त्रि रोजगार कार्यक्रमका लागि रु. ७२ लाख ५९ हजार विनियोजन गरेको छु ।

## दिगो र भरपर्दो, पर्यावरणमैत्री भौतिक पूर्वाधार, विकासको मुल उपज र आधार

गाउँपालिकाको गौरबको आयोजना **एक घर, एक धारा** कार्यक्रम तर्फ रु. ७० लाख सँगै विभिन्न खानेपानी आयोजनामा रु. १ करोड ३० लाख गरि रु. २ करोड बजेट विनियोजन गरेको छ ।झोलुङ्गे पुल तर्फ रु. १० लाख विनियोजन गरेको छ । चालु सडक, खानेपानी, सिँचाई, विद्युतिकरण लगायतका पूर्वाधार संरचनाहरुको निर्माण, मर्मत सम्भार र संचालनका लागि विपद व्यवस्थापन कोषमा रु. १ करोड, मर्मत सम्भारकोषमा रु ५४ लाख समेत गरी रु. १ करोड ५४ लाख विनियोजन गरेको छ ।

## स्थानीय सरकारको आश्वासन, स्वशासन, व्यवस्थापन र सुशासन

बंगलाचुली गाउँपालिका दैनिक प्रशासनिक कार्य सञ्चालन तथा व्यवस्थापन र यस अन्तर्गतका १५ शैयाको बंगलाचुली अस्पताल लगायत ९ वटा स्वास्थ्य संस्था, ८ वडा कार्यालय, र अन्य अन्तर्गतका कार्यालयहरुको संचालन तथा व्यवस्थापन गर्न रु. ७ करोड ७५ लाख बजेट विनियोजन गरेको छ । रेडियो बंगलाचुली एफ.एमको लागि रु. २७ लाख, टोल विकास संस्थाहरुको संचालन तथा व्यवस्थापन गर्न रु. ४ लाख, गाउँपालिकामा संचालित भूमि आयोगको कार्य गर्न रु. २६ लाख, विभिन्न आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार पार्न रु. १७ लाख, गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई डिजिटाइज्ड गर्न रु. ८ लाख समेत गरि अन्य संस्थागत क्षमता विकास तथा सञ्चालनका लागि जम्मा रु. २ करोड ३ लाख बजेट विनियोजन गरेको छ।

### सभाअध्यक्ष महोदय,

उल्लेखित नीति, उद्देश्य, प्राथमिकता र बजेटका आधारमा आ.ब. २०८१/०८२ को बजेटको सार पेश गर्न गइरहेको छु । जहाँ पुँजिगत तर्फ रु. २४ करोड ११ लाख (४१ प्रतिशत) र चालु तर्फ शिक्षा स्वास्थ्यको तलब भत्ता, कार्यक्रम, सामाजिक सुरक्षा, कार्य सञ्चालन तथा व्यवस्थापन सहित रु. ३४ करोड ३९ लाख (५९ प्रतिशत) बजेट पेश गरेको छु ।तलब भत्ता तथा कार्यालय सञ्चालन तथा व्यवस्थापन लगायतका प्रशासनिक खर्च तर्फ रु. ७ करोड ७५लाख ( १३ प्रतिशत) खर्चको प्रस्ताव गरेको छु ।

प्रस्तुत बजेट मध्ये नेपाल सरकारको अनुदानबाट रु. ४२ करोड ९ लाख, संघीय राजश्व बाँडफाँडबाट रु. १० करोड ९० लाख, प्रदेश सरकारको अनुदानबाट रु. २ करोड ३७ लाख, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट रु. ५२ लाख ११ हजार र आन्तरिक राजश्वबाट १ करोड ५० लाख र गत वर्षको मौज्दातबाट रु. १ करोड ४२ लाख हुने अनुमान गरेको छु ।

कार्यक्रम तथा बजेट यहाँहरु सामु वितरित अनुसूचीमा समावेश गरेको छु ।

गाउँपालिकाको आफ्नो आम्दानी, संघ तथा प्रदेश सरकारका सबै प्रकारका अनुदान तथा राजश्व बाँडफाँड समेतका आधारमा रु ५८ करोड ८० लाख ५४ हजार बराबरको राजश्व तथा व्ययको अनुमान पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

सभाका सदस्यज्यूहरु, सचिवालय लगायतका राष्ट्रिसेवक कर्मचारीहरु, सञ्चारकर्मी एवं समस्त बंगालचुली बासी महानुभावहरु, प्रस्तुत बजेट निर्माण कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/अप्रत्यक्षरुपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

बजेट तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरुको सक्रिय सहभागिता भई " **मानवीय विकास,भौतिक पूर्वाधार र उत्पादनमा लगानी, सम्वृद्ध बंगलाचुलीको बिहानी** " भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

**धन्यवाद**

.........................................

भक्त वहादुर जि.सी.

उपाध्यक्ष

कमिरेचौर, दाङ्ग

मितिः- २०८१ असार ०९